वास्तवमा, एक व्यक्ति र शिर्क तथा कुफ्र बीचको रेखा सलाह (नमाज) छोड्नु हो ।

जाबिर (रजियल्लाहु अन्हु) ले बयान गरेका छन्, मैले रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले भन्दै गरेको सुनें, उहाँले भन्नुभयो : "वास्तवमा, एक व्यक्ति र शिर्क तथा कुफ्र बीचको रेखा सलाह (नमाज) छोड्नु हो ।" [सही] [मुस्लिमले वर्णन गरेका छन्]

रसूल (सल्लल्लाहु अलैहि वसल्लम) ले एक व्यक्ति र कुफ्र (अविश्वास) र शिर्क(बहुईश्वरवाद)को बीचमा फरक पार्ने कुरा नमाज छोड्नु हो भनेर फर्ज नमाज (अनिवार्य) छोड्न विरुद्ध कडा चेतावनी दिनुभएको छ । किनभने नमाज इस्लामको दोस्रो स्तम्भ र निकै नै महत्त्वपूर्ण कर्तव्य हो । यसको फर्जियत (अनिवार्यता) लाई इन्कार र यसलाई परित्याग गर्ने व्यक्ति काफिर हो भन्ने कुरामा सम्पूर्ण मुस्लिमहरूको इज्मा (एकमत) रहेको छ । त्यसैगरी यदि कसैले आलस्यले गर्दा पूर्णतया नमाजलाई त्याग्यो भने ऊ पनि काफिर हो र यस विषयमा सहाबाहरूको इज्मा (एकमत) रहेको छ । तर यदि कसैले कहिलेकाहीँ नमाज पढ्छ र कहिलेकाहीँ छोड्छ भने ऊ उक्त कडा चेतावनीको खतरामा हुनेछ ।

https://sunnah.global/hadeeth/ne/show/65093